सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**सम्बत् २०८० साल पुस ६ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को १७१ औं वैठकले गरेको निर्णय-**

१. आर्थिक मामिला मन्त्रालय - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० स्वीकृत गर्ने।

२. आर्थिक मामिला मन्त्रालय - सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को मस्यौदा स्वीकृत गर्ने।

३. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सुदूरपश्चिम दुग्ध विकास बोर्डको कार्यालय स्थापना गर्न प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

४. भौतिक पुर्वाधार विकास मन्त्रालय - प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) लागु गर्न प्रदेश सरकारको प्रतिवद्धता र सम्झौता गर्न सचिवलाई जिम्मेवारी तोक्ने।

५. भौतिक पुर्वाधार विकास मन्त्रालय - प्रादेशिक आयोजना व्यवस्थापन एकाइ (PPMU) अस्थायी संरचना र सोका लागि आवश्यक अस्थायी दरवन्दी तेरिज स्वीकृत गर्ने ।

६. सामाजिक विकास मन्त्रालय - सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० स्वीकृत गर्ने।

७. सामाजिक विकास मन्त्रालय - सामाजिक विकास मन्त्रालय मातहतका विभिन्न १२ वटा कार्यालयहरुको अस्थायी दरवन्दी तेरिज स्वीकृत गर्ने।

८. सामाजिक विकास मन्त्रालय — सन्दीप जोरा समेतका ३ जना खेलाडीलाई नगद पुरस्कार सहित सम्मान गर्ने।

९. सामाजिक विकास मन्त्रालय- सुदूरपश्चिम प्रदेशमा सञ्चालित प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तरगतका आंगिक शिक्षालयहरु(टीकापुर वहुप्राविधिक शिक्षालय लगायतका ६ वटा) हस्तान्तरणका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

१०.सामाजिक विकास मन्त्रालय- सुदूरपश्चिम प्रदेशमा प्राविधिक विश्वविद्यालय स्थापना सम्बन्धी विधेयकको मस्यौदा निर्माणमा सल्लाह सुझाव दिन तोकिएको कार्यविवरण सहित श्री लवदेश अवस्थी (सुर्नया-६ वैतडी ) को संयोजकत्वमा ३ सदस्यीय समिति गठन गर्ने ।